मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

मितिः२०८१/०२/२३
११४४ बछलागा चतुर्दशी, बुधवार

# विश्व वातावरण दिवसको शुभकामना सन्देश।

विश्व वातावरण दिवसको अवसरमा कोशी प्रदेश एवम् स्वदेश तथा विदेशमा रहनु भएका आम नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

'हाम्रो भूमि हाम्रो भविष्य' भन्ने मूल नाराका साथ आज जुन ५ तारिखका दिन विश्व वातावरण दिवस मनाईंदै छ। यस सन्दर्भमा कोशी प्रदेश सरकारले पनि वातावरण संरक्षण र संवर्द्धनमा महत्वपूर्ण काम गर्ने उद्देश्य राखेको छ। भर्खरै सम्पन्न सगरमाथा दिवसमा पनि कोशी प्रदेश सरकारले महत्वपूर्ण व्यक्तिहरुलाई सम्मान गरेको स्मरण गर्न चाहान्छु। आगामी दिनमा पनि हामी संवेदनशील भएर लाग्ने योजनाका साथ अगाडी बढी रहेका छौं। बढ्दो मानवीय अतिक्रमण, जनसङ्ख्या चाप र विकास निर्माणले जैविक विविधता र प्रकृतिको विनाश हुनुका साथै पारिस्थितिक प्रणालीमा नै असर पारेको छ। यी सबै कुरालाई मध्यनजर गरेर अगाडी बढ्नु परेको छ।

वातावरणजन्य प्रणाली तथा प्रकोपहरुको विषयमा प्रदेश सरकार सचेत रहेको छ। पर्यटन, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षणका कामहरुलाई प्रभावकारी रुपमा अगाडी बढाएको छ। प्रदेश सरकारले वन ऐन, वातावरण संरक्षण ऐन तथा नियमावलीहरु निर्माण गरी कार्यान्वियन गरिसकेको छ। वातावरण संरक्षणका अन्य विविध कार्यक्रमहरु गर्दै आएको छ र आगामी आर्थिक वर्षमा वातावरण संरक्षण कार्यक्रम, अनुसन्धान, जलवायु अनुकुलनमा आधारित विकासजस्ता योजना तथा कार्यक्रमहरु सञ्चालन हुनेछन्।

वातावरण सबैको चासोको विषय हो, मानवको स्वस्थकर जीवनको लागि स्वास्थ्य वातावरण आवश्यक पर्दछ। वातावरणलाई तन्दुरुस्त राख्नको लागि विश्व समुदाय एक जुट भएको छ र अधिक मानिसहरु सहभागी भएर मनाउने गरिएका दिवसहरुमध्ये विश्व वातावरण दिवस पनि एक हो। नेपालको संविधानले स्वच्छ वातावरणमा जिउन पाउने मौलिक हक सुनिश्चित गरेको छ र यसले वातावरणलाई प्रदुषणरहित राख्नका लागि नागरिकको भूमिका महत्वपूर्ण हुने पक्षलाई पनि व्याख्या गरेको छ।

यो दिवसले विविध वातावरणीय मुद्दाहरुलाई नाराको रुपमा जनमानसमा ल्याउने गरेको छ। यस सिलसिलामा यस वर्ष भूमिको पुनः स्थापना, मरुभूमिकरणको न्यूनीकरण र खडेरीसँगको सामनाका सवालहरुलाई जोडेर 'हाम्रो भूमि हाम्रो भविष्य'भन्ने नारा तय गरिएको छ। यो नाराले संयुक्त राष्ट्र संघले निर्दिष्ट गरेको दिगो विकास लक्ष्य सूचीको १५ औं लक्ष्यलाई उपलब्धि उन्मुख पारेको छ। साथै संयुक्त राष्ट्रसंघको इकोसिष्टम पुनःस्थापनाको दशक (सन् २०२१–२०३०) लाई सहयोग पुऱ्याउने विश्वास लिइएको छ।

प्राकृतिक प्रक्रिया तथा मानवीय गतिविधिका कारण आज विश्वको करिब ४० प्रतिशत जमिन प्रदूषित बनेको छ भने करिब आधा जनसङ्ख्या यसबाट प्रभावित भएको छ। नेपालमा पनि रासायनिक मल, अकार्बनिक विषादी, भौतिक विकास निर्माण, घडेरी प्लटिङ, औद्योगीकरण, प्लाष्टिक लगायतका फोहोरमैला आदिका कारणले भूमि दिनानुदिन प्रदूषित भइरहेको छ। साथै हाम्रो देशले विश्व तापमान वृद्धि तथा जलवायु परिवर्तनको चपेटामा परेको कारणले र मनसुनी वर्षाका कारणले बाढी पहिरोजस्ता विपद्को सामना गरिरहनु परेको छ। बाढीले हरेक साल करोडौं टन माटो बगाएर लगिरहेको छ भने पहाडबाट गेग्रानहरु तराईको नदीको पींधमा जम्मा भएका कारण नदीको फैलावट बढेर उर्वर खेतीयोग्य माटोलाई नष्ट गरिरहेको छ। नेपालले पछिल्ला वर्षहरुमा मरुभूमिकरणको समेत सामना गर्नु परिरहेको छ। यहाँ उच्च पहाडी र हिमाली क्षेत्रमा चिसा मरुभूमिहरु बनिरहेका र फैलिइरहेका छन्। हिमालको हिउँ पग्लिएर खाली नाङ्गा भएका सुख्खाग्रस्त क्षेत्र मरुभूमिमा परिणत भइरहेका छन्। कोशी प्रदेशका हिमाली जिल्लाहरु ताप्लेजुङ, संखुवासभा र सोलुखुम्बुमा हिमाली सुख्खा चिसा मरुभूमिहरु प्रशस्तै बनिसकेका छन्। यस वर्षको नाराकै पृष्ठभूमिको रुपमा व्याख्या गरिएको खडेरीको पीडा पनि नेपालले भोग्नु परिरहेको अवस्था छ। लामो समय पानी नपरेर वन डढेलो र सुख्खा पहिरो, अन्न तथा अन्य बागवानी तथा नगदेबाली र जडीबुटीको उत्पादनमा खडेरीले ठूलो असर पारिरहेको छ।

प्रत्येक मानिसले वातावरणीय समस्याप्रति चासो लिनुपर्ने हुन्छ र यसबाट हुने धनजनको क्षति कम गर्दै स्वच्छ वातावरणमा जीवन जीउनका लागि लागी पर्नुपर्ने हुन्छ। एक जना व्यक्तिले बातावरण संरक्षणमा गरेको सानो कार्यले विश्व समुदायमा ठूलो योगदान पुगेको हुन्छ। तसर्थ, आजैका दिनबाट हाम्रो हावा, पानी, माटो, जैविक विविधताजस्ता वातावरणका आधारभूत अवयवको स्वच्छता र संरक्षणमा जुट्न प्रदेशबासी आमाबुबा, दिदीबहिनी, दाजुभाइ सबैमा आग्रह गर्दछु।

..................
हिक्मत कुमार कार्की
मुख्यमन्त्री

मुख्यमन्त्री